सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
५ नं. प्रदेश, नेपाल

प. सं.: २०७५/०७६
च. नं.: १२४८

मिति २०७६/०२/१५

# गणतन्त्र दिवसको शुभकामना

गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका जन आन्दोलन, सशस्त्र संघर्ष, जनयुद्ध र २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनका क्रममा जीवन बलिदान दिनुहुने सम्पूर्ण शहीदहरुप्रति हार्दीक श्रद्धाञ्जलि अर्पण गर्दै संघर्षका क्रममा घाइते भएका योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दै उहाँहरुको योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै यस अवसरमा सवै नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा राष्ट्रिय एकता प्रवर्द्धन र सम्बर्धन गराउँदै राष्ट्र निर्माणमा एक जुट हुने प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछु।

'विकासका लागि हाम्रो प्रस्थान विन्दू सवैलाई खाद्य व्यवस्था, सुरक्षित आवास, एक घर एक रोजगार, माध्यामिक शिक्षा सम्म अनिवार्य शिक्षा, स्वास्थ्य एवं सुरक्षा हो'। 'जनताको अनुहार मलिन हुने विवशता अन्त्य गर्ने संकल्प मैले लिएका छु। यस संकल्पलाई सार्थक बनाउने स्थानीय सरकारको दृढ उद्देश्य भएको हुँदा व्यसका लागि विभिन्न, पेशा, क्षेत्र, व्यवसायका नेपालीको बलियो साथ रहनेमा मैले विश्वास लिएको छु।' गणतन्त्र र जनप्रतिनिधित्वको व्यवस्थाप्रति गौरव गर्न झक्झक्याएको छ, 'गणतन्त्र दिवसले गणतन्त्रको मर्यादा, गणतान्त्रिक संस्थाहरुको मर्यादा र गणतान्त्रिक प्रकृयाको सम्मान गर्न समेत सिकाएको छ। गणतन्त्र जनता सार्वभौमसत्ता सम्पन्न हुने प्रणाली भएको हुँदा गणतन्त्रको सवैले रक्षा गर्न एकजुट भै लाग्नुपर्ने छ।

गणतन्त्रको जुन विश्वव्यापी मूल्यमान्याता रहेको छ, सो अनुरुपको मर्म, भावना, उद्देश्य अनुरुप समयसापेक्ष गतिशीलता प्रदान गर्दै अगाडि बढ्नु हामी सबैको दायित्व हो। गणतन्त्रको मूल्यमान्यता विपरित कोहि पनि पन्छिन मिल्दैन। कोही आफ्नो दायित्वबाट पन्छिन खोजेमा त्यो देश र जनता प्रतिको विश्वासघात हुने छ। यसर्थ एघार वर्ष पहिले जुन लक्ष्यका साथ उत्साह पूर्वक गणतन्त्रको घोषणा गरिएको थियो। त्यस प्रकारको उमंग उर्जा सबैमा कायम रहिरहोस् गणतन्त्र दिवशकौ पुन: शुभकामना। धन्यवाद।

..................
(गुणेन्द्र घर्ती)
अध्यक्ष

गुणेन्द्र घर्ती
अध्यक्ष

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०